यो आकाशवाणी हो

21 October 2024

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

मुख्य समाचार

- ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री भोलिदेखि रुस यात्रामा जानुहुने
- विश्वको भविष्य निर्माण गर्न भारतले प्रमुख भूमिका निर्वाह गरिरहेको प्रधानमन्त्रीले बताउनुभयो
- भारत र चीनमाझ पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखामा गस्ती गर्ने विषयमा सहमति
- देशमा अशान्ति फैलाउने कुनै पनि प्रयासलाई टिक्न नदिने गृहमन्त्रीले बताउनुभयो
- चक्रवाती तुफान दाना ओडिशाको तटीय क्षेत्रतर्फ बढ्दै , अनि
- दीपिका कुमारीले आर्चरी विश्वकपमा रजत पदक जितिन्

अब समाचार विस्तारमा

प्रधानमन्त्री - रुस भ्रमण

प्रधानमन्त्री श्री नरेन्द्र मोदी १६औं ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन भोलिदेखि रुस यात्रामा रहनु हुनेछ। रुसका राष्ट्रपति श्री भ्लादिमिर पुटिनको निमन्त्रणामा श्री मोदी रुसको यात्रामा जानुहुँदैछ।
सम्मेलनको यस संस्करणको विषय समतामूलक वैश्विक विकास र सुरक्षाका लागि बहुपक्षीयताको सुदृढीकरण रहेको छ। प्रधानमन्त्रीको रुस भ्रमणबारे नयाँ दिल्लीमा पत्रकारहरुलाई जानकारी दिँदै विदेश सचिव श्री विक्रम मिश्रीले भन्नुभयो, 'श्री मोदी शिखर सम्मेलनमा भाग लिन भोलि काजान जानुहुनेछ। उहाँले भारत ब्रिक्सको संस्थापक सदस्य भएको र स्थापनाकालदेखि नै यसका सबै गतिविधिमा सहभागी भएको बताउनु भयो। श्री मिश्रीले भन्नुभयो, ब्रिक्सका लागि भारत महत्त्वपूर्ण छ। आर्थिक वृद्धि, दिगो विकास र वैश्विक शासन सुधार जस्ता क्षेत्रहरूमा ब्रिक्सका प्रयासहरूलाई आकार दिन भारतले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ।
विदेश सचिवले दुई दिने शिखर सम्मेलनले आर्थिक सहयोग सुदृढ गर्नुका साथै ऊर्जा, खाद्य सुरक्षा र स्वास्थ्य क्षेत्रमा सहयोग बढाउने बताउनुभय़ो। शिखर सम्मेलनका क्रममा प्रधानमन्त्रीले केही द्विपक्षीय बैठकमा भाग लिने अपेक्षा गरिएको विदेश सचिवले बताउनुभयो।

प्रधानमन्त्री शिखर सम्मेलन

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले विश्वको भविष्य निर्माण गर्न भारतले प्रमुख भूमिका निर्वाह गरिरहेको बताउनु भएको छ। देशले सबै क्षेत्रमा अभूतपूर्व प्रगति गरिरहेको उहाँले बताउनु भएको छ । एक निजी मिडिया आउटलेटद्वारा आयोजित विश्व शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, विश्वले एआईलाई आर्टिफिसियल इन्टेलिजेन्सको रूपमा मान्यता दिएको छ, भारत अर्को एआई-आकांक्षी देश हो। विश्व

अनिश्चिततामा डुबेको बेला भारत आशाको किरण बनेर उभिएको उहाँले बताउनु भयो। कोभिड-19, वैश्विक अर्थव्यवस्था, मुद्रास्फीति, बेरोजगारी, जलवायु परिवर्तन र युद्ध जस्ता मुद्दाहरूको सन्दर्भमा वैश्विक परिस्थितिले भारतलाई पनि प्रभाव पारेको श्री मोदीले बताउनु भयो।

प्रधानमन्त्रीले भन्नुभयो, राष्ट्रिय लोकतान्त्रिक गठबन्धन सरकारको तेस्रो कार्यकालको मात्र 125 दिनमा, 9 लाख करोडको पूर्वाधार परियोजनाहरू स्वीकृत गरिएका छन् र 15 नयाँ वन्दे भारत ट्रेनहरू शुरु गरिएका छन्। आठ विमानस्थल निर्माणको काम सुरु भएको, पाँच लाख घरको छतमा सोलार प्लान्ट जडान गरिएको छ र 90 करोडभन्दा बढी बिरुवा रोपिएका छन् । श्री मोदीले भन्नुभयो, यी १२५ दिनमा देशको विदेशी मुद्रा भण्डार बढेर सातसय अरब डलर पुगेको छ। श्री मोदीले भन्नुभयो, भारतसँग सम्बन्धित कार्यक्रमहरूको सूची मात्र होइन अपेक्षाहरूको सूची पनि छ।

विधानसभा चुनाउ

जनता दल यूनाइटेड-जदयू अनि चिराग पासवानको नेतृत्वमा रहेको लोक जनशक्ति पार्टी-एलजेपी-आरले आज झारखण्ड विधानसभा चुनाउका लागि  पार्टी उम्मेदवारहरूको नाम सार्वजनिक गरेका छन्। एनडीएको सीट-वितरणमा दुई सिट जनता दल (युनाइटेड)-लाई अनि एक सीट एलजेपी-आर –लाई दिइएको थियो।

भारत-चीन सम्झौता

भारत र चीन पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखामा गस्ती गर्ने विषयमा सहमतिमा पुगेका छन्। विदेश सचिव श्री विक्रम मिश्रीले नयाँ दिल्लीमा मिडियालाई भन्नुभयो, सम्झौताले नियन्त्रण रेखाबाट सेना फिर्ता गर्न र 2020 मा सुरु भएको तनाव समाधान गर्न सक्नेछ। दुई पक्षबीचको विस्तृत छलफलपछि सीमा क्षेत्रमा गस्तीको व्यवस्था मिलाउन यो सहमति भएको उहाँले बताउनु भयो ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

गृहमन्त्री – पुलिस दिवस

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले लागूऔषध व्यापार, साइबर अपराध, अनुप्रवेश, आतंकवाद र आर्टिफिसियल इन्टेलिजेन्सको माध्यमबाट अशान्ति फैलाउने प्रयास जस्ता खतराहरू देशका सैनिकहरूको दृढ संकल्पको अगाडि टिक्न नसक्ने बताउनु भएको छ। आज नयाँ दिल्लीमा पुलिस स्मृति दिवसमा शहीदहरूलाई श्रद्धाञ्जलि अर्पण गरेपछि, श्री शाहले भन्नुभयो, संसदले पारित गरेका तीन नयाँ आपाराधिक कानून सबै राज्य र केन्द्र शासित प्रदेशहरूमा लागू भइसकेका छन्। यी कानुनहरू पूर्ण रूपमा कार्यान्वयन भएपछि

देशको आपाराधिक न्याय प्रणाली विश्वकै आधुनिक न्याय प्रणाली हुनेछ। उहाँले देशको जुनसुकै कुनामा अपराध दर्ता भए पनि तीन वर्षभित्रमा न्याय पाउने बताउनु भयो । न्यायमा हुने ढिलाइलाई हटाउने उपाय यी तीन नयाँ कानुनको कार्यान्वयनमा रहेको पनि श्री शाहले बताउनु भयो ।

आज पुलिस स्मृति दिवसको अवसरमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले देशका पुलिसहरूको बहादुरी र बलिदानलाई सम्मान गर्नुभएको छ। सामाजिक सञ्जाल पोस्ट मार्फत उहाँले मानिसहरूको सुरक्षा सुनिश्चित गर्न उनीहरूको अटल समर्पणको प्रशंसा गर्नुभएको छ।

उड्डयन मन्त्री - उडान

केन्द्रीय नागरिक उड्डयन मन्त्री श्री राम मोहन नायडू किन्जारापुले विमान सञ्चालनलाई प्रभाव गर्ने नक्कली कलहरूको समस्यालाई प्रभावकारी रूपमा समाधान गर्न सरकारले सुरक्षा र सतर्कता संयन्त्रलाई सुदृढ गर्न सक्रिय कदम चालेको बताउनु भएको छ। सरकारले सरोकारवालाहरूसँग परामर्श गरिरहेको र नागरिक उड्डयन मन्त्रालयले फेक कलमा विधायी कारबाही गर्ने विचार गरिरहेको उहाँले बताउनु भयो । उहाँले यात्रीहरूको सुरक्षा सरकारको उच्च प्राथमिकता हो, भन्नुभयो।

आज नयाँ दिल्लीमा पत्रकारहरूसित कुराकानी गर्दै मन्त्रीले भन्नुभयो, विमान सुरक्षा नियम अनि नागरिक उड्डयन सुरक्षाका विरुद्ध गैरकानूनी कृत्यहरूको दमन अधिनियम, 1982 मा संशोधन गर्ने सरकारले योजना बनाएको छ।

उडान योजनाको आठ वर्ष पूरा भएको बताउँदै उहाँले सरकारले उडानलाई आगामी दश वर्षसम्म निरन्तरता दिने बताउनुभयो। थप ५० वटा विमानस्थल खोल्ने वा विद्यमान विमानस्थलको क्षमता वृद्धि गर्ने योजना रहेको उहाँले बताउनु भयो ।

मण्डाविया-ए-श्रम

केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले आज नयाँ दिल्लीमा असंगठित क्षेत्रका कामदारहरूको समस्यालाई सम्बोधन गर्न ई-श्रम पोर्टलको शुभारम्भ गर्नुभयो। यस अवसरमा उहाँले यस पोर्टलले असंगठित क्षेत्रका श्रमिकहरूलाई विभिन्न सामाजिक सुरक्षा योजनाहरूमा निर्बाध पहुँच प्रदान गर्ने बताउनु भयो। उहाँले श्रमिकहरूलाई पोर्टलमा पञ्जीकरण गर्न र उनीहरूको फाइदाको लागि डिजाइन गरिएका विभिन्न कल्याणकारी योजनाहरूको फाइदा लिन आग्रह गर्नुभयो।

प्रधान-सिङ्गापुर प्रधानमन्त्री

केन्द्रीय शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधानले आज सिंगापुरका प्रधानमन्त्री श्री लरेन्स वोङसँग भेटवार्ता गर्नुभयो। श्री प्रधान अहिले सिंगापुर भ्रमणमा हुनुहुन्छ। भेटमा दुई नेताबीच विद्यालय शिक्षा, व्यावसायिक तालिम र अनुसन्धान क्षेत्रमा द्विपक्षीय सहयोग अभिवृद्धि गर्ने विषयबारे छलफल भएको थियो ।

चक्रवात-ओडिशा

चक्रवाती तुफान दाना तीव्र गतिमा ओडिशाको तटीय क्षेत्रतर्फ बढिरहेको छ । बिहीबार बिहानसम्म यो 120 किलोमिटर प्रति घण्टाको गतिमा ओडिशाको तटीय क्षेत्रहरूमा आइपुग्ने सम्भावना छ।

यसैबीच, ओडिशा सरकारले कुनै पनि परिस्थितिसँग जुध्न तयारी गरिरहेको छ। मौसम विभागले बुधबारदेखि शुक्रबारसम्म तटीय जिल्लाहरू र ओडिशाको भित्री भागहरूमा मुसलधारे वर्षा हुने बताएको छ।

आर्चेरी- विश्व कप

भारतकी दीपिका कुमारीले मेक्सिकोको टालास् कालामा भइरहेको आर्चरी विश्वकपको फाइनलमा महिला रिकर्भ स्पर्धामा रजत पदक जितेकी छन् । उनी फाइनलमा चीनकी ली जियामानसँग पराजित भएकी हुन् । दीपिका कुमारी पाँचौं पटक आर्चरी विश्वकपमा उपविजेता बनेकी हुन् ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- ब्रिक्स शिखर सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री भोलिदेखि रुस यात्रामा जानुहुने
- विश्वको भविष्य निर्माण गर्न भारतले प्रमुख भूमिका निर्वाह गरिरहेको प्रधानमन्त्रीले बताउनुभयो
- भारत र चीनमाझ पूर्वी लद्दाखको वास्तविक नियन्त्रण रेखामा गस्ती गर्ने विषयमा सहमति
- देशमा अशान्ति फैलाउने कुनै पनि प्रयासलाई टिक्न नदिने गृहमन्त्रीले बताउनुभयो
- चक्रवाती तुफान दाना ओडिशाको तटीय क्षेत्रतर्फ बढ्दै , अनि
- दीपिका कुमारीले आर्चरी विश्वकपमा रजत पदक जितिन्

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो